म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २२० २०८१ असार १८ गते मंगलबार 2 July 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

## रोल्पा जिप दुर्घटनामा ७ जनाको मृत्यु

काठमाडौंः रोल्पामा जिप दुर्घटना हुँदा सात जनाको मृत्यु भएको छ। प्रमुख जिल्ला अधिकारी खिमबहादुर रायमाझीले पाँच जनाको घटनास्थलमै र दुई जनाको अस्पतालमा गरी जम्मा सात जनाको मृत्यु भएको पुष्टि भएको जानकारी दिए । लिवाङ जिल्ला अस्पतालमै रहेका प्रमुख जिल्ला अधिकारी रायमाझीले भने, 'कुल १५ जना यात्रुहरुमध्ये सात जनाको मृत्यु भएको छ। चालकसहित ८ जना घाइते छन् ।' मृतकहरुको सनाखत नभएको उनले बताए । माडी गाउँपालिका २ घर्तीगाउँबाट तालावाङ जाँदै गरेको लु १ ज ३२५२ नम्बरको जिप सोमबार बेलुकी माडी गाउँपालिकाको परेवाछ्हरा भन्ने स्थानान सडकबाट करिब ४०० मिटर तल खसेर दुर्घटना भएको थियो । पहिरो गएर बाटो बन्द भएको स्थानबाट अगाडि बढ्न नसकेपछि जिप र ोकिएको र ब्याक गर्ने क्रममा भिरबाट तल खसेको प्रारम्भिक सूचना आएको प्रहरीले जनाएको छ। *स्रोतः अनलाइनखबर।*

# मकवानपुरमा ३ हजारले लिए राष्ट्रिय परिचयपत्र


*राक्सिराङ गाउँपालिकामा राष्ट्रिय परिचयपत्र बनाउन फोटो खिचाउँदै । फाईल तस्वीर ।*

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरले सुरु गरेको राष्ट्रिय परिचयपत्र शिविरमा करिब ३ हजार जनाले राष्ट्रिय परिचयपत्र लिएका छन् । गत जेठ ३० गतेबाट मकवानपुरको विभिन्न पालिकाहरुसँगको सहकार्यमा सुरु गरेको शिविरमा करिब ३ हजार जनाले राष्ट्रिय परिचयपत्र लिएका हुन् ।

बागमती, बकैया, कैलाश र राक्सिराङ गाउँपालिका र थाहा नगर पालिका गरी सोमबारसम्म २ हजार ८ सय जनाले परिचयपत्र लिएको जिल्ला प्रशासन कार्यालयका कम्प्युटर अपरेटर आशीष पौडेलले जानकारी दिनुभएको छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सेवाग्राहीहरुलाई लक्षित गरेर मकवानपुरको विभिन्न पालिकाहरसँगको सहकार्यमा शिवर सञ्चालन गरेको उहाँले बताउनुभयो ।

२०७८ साल माघ २३ गतेदेखि २०७९ साल मंसिर २३ गतेसम्म सञ्चालन भएको वडास्तरीय शिविरमा सेवा लिनबाट वञ्चित हुनेहरुले सेवा लिएको उहाँले बताउनुभयो । मकवानपुरको विभिन्न पालिकाहरुका ज्येष्ठ नागरिकहरुले टाढाबाट आएर परिचयपत्र लिनुपरेकाले उनीहरुलाई समस्या पर्ने भन्दै पालिकामै पुगेर परिचयपत्र लिने वातावरण सिर्जना गरेको उहाँले बताउनुभयो ।

आगामी आर्थिक वर्षबाट परिचयपत्रबिना वृद्धभत्ता लिन नपाउने नियम लागू भएपछि परिचयपत्र लिने ज्येष्ठ नागरिकको संख्या बढेको पाइएको छ । शिविर सञ्चालनको पहिलो दिन राक्रिराङ गाउँपालिकामा परिचयपत्र वितरण गरेको थियो भने असार ३ गतेदेखि ६ गतेसम्म कैलाश गाउँपालिकामा र असार ८ गतेदेखि १३ गतेसम्म थाहा नगरपालिकामा वितरण गरिएको थियो । यस्तै, असार १५ गतेदेखि १८ गतेसम्म ईन्द्रसरोवर गाउँपालिकामा शिविर सञ्चालन गरेको बताइएको छ ।

परिचयपत्र बनाउन आउने सबै सेवाग्राहीहरुले सेवा लिन पाएको बताउनुहुँदै परिचयपत्रका लागि आवश्यक कागजपत्र पूरा नमिलेकाहरु मात्र सेवाबाट वञ्चित हुनुपरेको उहाँले बताउनुभयो । मकवानपुरको बकैया र बागमती गाउँपालिकामा शिविर सम्पन्न भइसकेको बताउनुहुँदै उहाँले भन्नुभयो- 'दुबै पालिकामा शिविर सम्पन्न भएसँगै हाम्रो टोली परिचयपत्र वितरणका लागि मनहरी, भीमफेदी र इन्द्रसरोवर गाउँपालिकामा जानेछन् ।' सामाजिक सुरुक्षा भत्ता प्राप्त गर्ने सेवाग्राहीहरुलाई लक्षित गरेर आयोजना गरेको शिविर बिहीबार सम्म सञ्चालन हुने बताइएको छ ।

## प्रदेश सरकारको निर्णय

# प्रदेशको प्रशासनिक केन्द्र निर्माण राष्ट्रिय गौरवको आयोजनामा समेट्न सिफारिस


समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले प्रादेशिक संरचना निर्माणका योजनालाई राष्ट्रिय गौरवको आयोजनामा समेट्न सिफारिस गर्ने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश प्रशासनिक केन्द्र निर्माण योजनालाई राष्ट्रिय गौरवको आयोजनामा समेट्न संघीय सरकारलाई सिफारिस गर्ने निर्णय गरेको हो ।



प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलालका अनुसार हेटौंडा-१७, हटियामा प्रदेश सरकारका प्रशासनिक निकायका भवन तथा संरचना निर्माण योजनालाई राष्ट्रिय गौरवको आयोजनामा समेट्न संघीय सरकारलाई सिफारिस गरेको हो । उक्त आयोजना स्थलमा वन क्षेत्रको केही जग्गा प्रयोग हुने भएकाले जग्गा प्राप्तिमा सहजीकरण गर्न गौरवको आयोजनाको रुपमा समेट्न सिफारिस गर्ने निर्णय गरिएको उहाँले जानकारी दिनुभयो। वन क्षेत्रको जग्गाको भोगाधिकार प्राप्त गर्न सरकारको प्राथमिकता प्राप्त आयोजना हुनुपर्ने प्रावधानका अनुसार संघीय सरकार समक्ष सिफारिस गरिएको उहाँको भनाई छ ।

त्यस्तै मन्त्रिपरिषद् बैठकले प्रदेश उच्च शिक्षा नियमावलीका केही दफाहरु संशोधन गर्ने निर्णय गरेको छ । प्रदेश विश्वविद्यालय स्थापना, संचालन र शैक्षिक कार्यक्रम निर्धारणका लागि अनुकुल नदेखिएका दफाहरु संशोधन गर्ने निर्णय गरेको हो। बैठकले प्रदेश विश्वविद्यालयको विधान परिवर्तन गरी स्वीकृत गर्ने निर्णय गरेको छ । यसअघि निर्माण गरिएको विधानमा धेरै विषयहरु परिवर्तन गर्नुपर्ने देखिएकाले सो विधानलाई परिमार्जन परिवर्तन गरी स्वीकृत गर्ने निर्णय गरेको हो । बैठकले सिन्धुपाल्चोकको चौतारामा निर्माण भइरहेको प्राविधिक शिक्षालयमा पर्ने वन क्षेत्रको जग्गा भोगाधिकार प्राप्तिका लागि संघीय सरकारलाई सिफारिस गर्ने निर्णय गरेको छ ।






# सम्पादकीय

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## एसईई नतिजा कमजोर

गत चैतमा सम्पन्न कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा गत बिहीबार सार्वजनिक भएको छ । अहिले जताततै एसईई परीक्षाको नतिजालाई लिएर विभिन्न प्रकारका चर्चा र बहस भइरहेका छन् । यस वर्षको एसईईको नतिजामा ५२ प्रतिशत विद्यार्थी कक्षा ११ पढ्न अयोग्य भएपछि यसबारे चर्चा र बहस चुलिएको हो । एसईईको राष्ट्रिय नतिजा नै कमजोर बनेपछि मकवानपुर जिल्ला पनि यसबाट अछुतो रहन सकेन । जिल्लाका १० वटा पालिकामध्ये हेटौंडा उपमहानगरपालिकाबाहेक बाँकीको नतिजा राष्ट्रिय नतिजाभन्दा कमजोर रह्यो । हेटौंडा उपमहानगरपालिकाको नतिजा पनि खासै राम्रो रहेन । जिल्लामा ५ हजार ९२६ विद्यार्थीले एसईई दिएकोमा २ हजार १६७ जना (३६.६ प्रतिशत)मात्र उत्तीर्ण भए । जिल्लाका १३८ विद्यालयले विद्यार्थीलाई एसईईमा सहभागी गराएकोमा १६ वटा विद्यालयको नतिजा शून्य रह्यो ।

२०८० सालको एसईईमा हेटौंडा उपमहानगरका २ वटा विद्यालयको नतिजा शून्य आएको छ । एउटा निजी र एउटा सामुदायिक विद्यालयबाट एसईईमा सहभागी सबै विद्यार्थी फेल भएका छन् । नतिजा शून्य हुनेमा भीमफेदी, बकैया, कैलाश, मकवानपुरगढी र बागमती गाउँपालिकाका २-२ वटा विद्यालय छन् । मनहरी गाउँपालिकाका ३, इन्द्रसरोवर र राक्सिराङ गाउँपालिकाका एक-एक विद्यालयको नतिजा पनि शून्य छ । हेटौंडा उपमहानगरका सामुदायिक र संस्थागत २९/२९ वटा विद्यालयबाट ३ हजार ५६ जना विद्यार्थी एसईईमा सहभागी भएकामा १ हजार ७११ जना (५६ प्रतिशत) विद्यार्थी उत्तीर्ण भएका छन् । यसमा पनि सामुदायिक विद्यालयको उत्तीर्ण दर ४५ प्रतिशत र संस्थागत विद्यालयको ७६.६ प्रतिशत रहेको छ । थाहा नगरपालिकाका १७ विद्यालयबाट ५३९ विद्यार्थीले एसईई दिएकोमा १४८ जना (२७.५ प्रतिशत) उत्तीर्ण भएका छन् । मनहरी गाउँपालिकाका ११ वटा विद्यालयबाट ४७३ विद्यार्थीले परीक्षा दिएकोमा ११३ विद्यार्थी (२३.९ प्रतिशत) उत्तीर्ण भएका हुन् । इन्द्रसरोवर र भीमफेदी गाउँपालिकाको उत्तीर्ण प्रतिशत क्रमशः १६.७ र १५.३ हुँदा बाँकी ५ वटा गाउँपालिकाको उत्तीर्ण दर १० प्रतिशत भन्दा कम रहेको छ । यसले मकवानपुर जिल्लाको एसईई नतिजा निकै कमजोर सावित गर्दछ ।

नेपालमा विसं १९९० देखि एसएलसी परीक्षा सुरु भएको हो । यस हिसाबले नेपालमा एसएलसी परीक्षा हुन थालेको ९ दशक नाघिसकेको छ । २०७२ सालसम्म एसएलसी परीक्षाको नामबाट सञ्चालन भएको कक्षा १० को परीक्षा २०७३ सालबाट एसईई भएको हो । २०७३ असार १५ गते शिक्षा ऐन २०२८ को आठौं संशोधन २०७३ प्रमाणिकरण भएपछि स्कूल लिभिङ सर्टिफिकट एक्जामिनेसन (एसएलसी) को नाम परिवर्तन भई माध्यमिक शिक्षा परीक्षा (सेकेण्डरी एजुकेशन एक्जामिनेशन-एसईई) भएको हो । यस्तै, अंकको आधारमा एसएलसीको नतिजा निकालेर विद्यार्थी पास/फेल छुट्याउने गरिएकोमा २०७१ बाट प्राविधिक धारतर्फ र २०७२ बाट साधारण र प्राविधिक धारतर्फको एसएलसीको नतिजा लेटर ग्रेडिङ पद्दतिबाट गर्न थालिएको थियो ।

विषयगत ३२ प्रतिशतभन्दा कम अंक ल्याउने विद्यार्थी फेल हुने गरेकोमा लेटर ग्रेडिङ लागू भएपछि विद्यार्थीको नतिजामा पास/फेल उल्लेख गरिएन । आन्तरिक (प्रयोगात्मक) र बाह्य (सैद्धान्तिक) परीक्षाको अंक जोडेर डी प्लस ग्रेड (३० प्रतिशत अंक) ल्याउने विद्यार्थी पाससरह मानिएपछि फेल हुने विद्यार्थी दुर्लभ भए । यस वर्षदेखि लेटर ग्रेडिङ पद्दतिमा परिवर्तन गरेर पास हुनका लागि सैद्धान्तिकतर्फ ३५ र प्रयोगात्मकतर्फ ४० प्रतिशत अंक ल्याउनैपर्ने भएपछि धेरै विद्यार्थी फेल भएका हुन् । एसईई परीक्षामा विद्यार्थीको नतिजा अर्थात् उनीहरुले प्राप्त गरेको अंक विगतकै जस्तो भए पनि मूल्यांकन पद्दतिमा भएको परिवर्तनले यसवर्ष धेरै विद्यार्थी फेल हुन पुगेका हुन् । विद्यार्थीको नतिजा कमजोर हुनुमा मूल्यांकन पद्दतिमात्र जिम्मेवार छैन । आफ्नो जिम्मेवारी पूरा नगर्ने तर दोषजति अर्कोलाई लगाउने परिपाटीले सामुदायिक विद्यालय नतिजा कमजोर बनेको हो । एसईईको नतिजामा विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्थानीय तह र राज्यका शैक्षिक प्रशासनिक संयन्त्र सबै जिम्मेवार र जवाफदेही बन्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आर्थिक पक्षले मन बिचलित गर्ने योग छ ।
**वृष** : हार्दिकता र भावनाका दृष्टिले मध्यमकारक छ ।
**मिथुन** : सामाजिक एवं धार्मिक कृत्यमा सरिक भइनेछ ।
**कर्कट** : सानो प्रयासले रोकिएका कामहरु बन्लान् ।
**सिंह** : कार्यक्षेत्रमा अनुकूलता नै देखिने समय छ ।
**कन्या** : भौतिक सुख र माया प्रेममा समय बित्ला ।
**तुला** : विशेष काममा आफन्तको सहयोगको अपेक्षा राख्दा राम्रो ।
**वृश्चिक** : चुनौति र बाधा व्यवधान रहने समय छ ।
**धनु** : काममा ढिलासुस्ती हुने समयको योग रहेको छ ।
**मकर** : लेखाइ–पढाइका काममा सरिक भइने छ ।
**कुम्भ** : व्यक्तित्व विकासमा मद्धत पुग्ने समय योग रहेको छ ।
**मीन** : आर्थिक व्यय भार बढ्ने समयको योग रहेको छ ।

## एसईईको नतिजा

# समस्या प्रणालीको कि गुणस्तरको



✍ आशिष अस्लामी

गएको केही हप्तादेखि हल्ला थियो कि एसईईको नतिजा आउँदै छ । गत असार १४ गते नतिजा पनि सार्वजनिक भयो । जब, नतिजा सार्वजनिक भए सामाजिक सञ्जालहरुमा राम्रा नतिजा ल्याउनेहरुलाई बधाईको ओईरो आइरहेको थियो । यत्रो बधाई देख्दा लाग्यो, सायद यो पटकको एसईईमा राम्रै नतिजा आएछ । तर, भोलिपल्ट हुँदा नहुँदै सामाजिक सञ्जालमा नरमाईला दृष्य, टिप्पणीहरुको बाढी आयो ।

शैक्षिक आन्दोलनमा लागेका एकजनाले एसईईको नतिजा देखाउँदै भने, "हाम्रो पालिकाको दुई वटा विद्यालयहरुबाट यो पटकको एसईईमा एक जना पनि ग्रेडेड भएनन् । जहाँ, एउटा विद्यालयबाट ३६ जना र अर्को विद्यालयबाट १६ जनाले एसईई दिएका थिए ।" पछि केहिबेरमा यस्तो धेरै वटा विद्यालयहरु भेटियो, जहाँबाट एक जना पनि विद्यार्थीहरु कक्षा ११ पढ्नका लागि योग्य भएनन् । यसरी नन्ग्रेडेड विद्यार्थीहरुको सङ्ख्या देशभरी २ लाख ४२ हजार ३ सय १३ जना रहेको छ । गत चैतमा एसईई दिने विद्यार्थीहरुको संख्या ४ लाख ६४ हजार ७ सय ८४ मध्य नन्ग्रेडेड विद्यार्थीहरु ५२.१३ प्रतिशत पाईयो ।

कक्षा ११ मा तत्काल विद्यार्थीहरु भर्ना हुन सक्नेगरी ग्रेडेड विद्यार्थीहरु २ लाख २२ हजार ४ सय ७२ छन् । यो कुल विद्यार्थीको ४७.८७ प्रतिशत मात्रै हो । यसरी हेर्दा ठुलै संख्यामा विद्यार्थीहरु फेल भएका छन् । यसबाट शिक्षक, विद्यार्थी, राजनीतिकर्मी, कर्मचारी लगायतको ठुलो क्षेत्रमा निराशा फैलिएको छ । अहिले धरैजना 'नेपालको शिक्षाको गुणस्तर सबै सकियो । किन स्थानीय सरकारको एकल अधिकार रहेको माध्यमिक शिक्षाको रिजल्ट राम्रो आएन ?' भनेर दोषारोपण र टिका-टिप्पणीहरु गरिरेका छन् । के यसमा स्थानीय सरकारकै दोष छ त ? कि परीक्षा बोर्डको नतिजा प्रणालीमा समस्या हो ? कसै-कसैले त नेपालको मूल्याङ्कन प्रणालीमै समस्या छ पनि भन्ने गरेको सुन्छु । कि कमजोरी गुणस्तरमै हो ? (संवैधानिक रुपमै स्थानीय सरकार सञ्चालन ऐनको ११ (ज) बमोजिम २०७४ सालबाट माध्यमिक शिक्षा स्थानीय सरकारलाई हस्तान्तरण भइसकेको छ ।) मलाई लाग्छ हाम्रो शिक्षा प्रणालीको समस्या गुणस्तरमै छ र यसको समस्याहरु पहिचान गरेर निराकरण तर्फ ध्यान दिनुपर्छ ।

### पूर्वाधार मोहको परिणाम

अहिले नेपालको गाउँगाउँमा पुग्ने हो भने पनि केहि आधारभुत विद्यालयहरु छाडेर धेरैजसो माध्यमिक तहको विद्यालयहरुमा गगनचुम्बी भवन बनेका छन् । खासगरी बि.सं. २०७२ बैशाख १२ र २९ गते आएको भूकम्पपछि विद्यालयहरुको बीचमा ठुला भवन बनाउने प्रतिस्पर्धा नै चलेको छ । त्यो क्रम अहिलेसम्मै रोकिएको छैन । नचलोस् पनि कसरी त्यतिबेला सम्म नेपालका कुनै पनि विद्यालय भवनहरु भूकम्प प्रतिरोधी थिएनन् । भूकम्पबाट थिलोथिलो भएका भवनमा विद्यार्थी पढाउने कुरै भएन । त्यसर्थ पनि विद्यालयहरु अनिवार्य बनाउनु परेको थियो । तर पछिल्लो पटक भने साँच्चै नै यो क्रम होडबाजीका रुपमा अघि बढेको छ ।

स्थानीय तहका प्रमुखहरु त झनै आफ्ना विकासका नारा नै "हेर्दा देखिने र छाम्दा भेटिने" भनेर प्रचार गर्न थालेका छन् । शिक्षामा चासो राख्ने एकजनाले भन्नुभयो, "स्थानीय तहका प्रमुखहरु मानवीय विकास, सीप विकास तथा शिक्षा र स्वास्थ्य विकास त परको कुरा भयो, कंक्रिट बाहेकका संरचनालाई समेत विकास मान्दैनन् । योजनाको अनुगमनमा योजना शाखाले मौखिक निर्देशन दिएको कम्पनीको सिमेण्ट प्रयोग भयो वा भएन ? भनेर शोध-खोज गर्छन् । यदि, उस्तै ग्रेडको फरक कम्पनीको सिमेण्ट प्रयोग भएको भन्ने थाहा पाए भुक्तानी मै समस्या सिर्जना गर्छन् ।" हामीहरुमा पनि विद्यालयका भवन ठुलो नहुँदा साना भवनबाट प्रभावकारी र राम्रो पढाई नै हुँदैन कि क्या हो ? भन्ने भावको विकास हुँदै गएको थियो । बलियो रड प्रयोग गरिएको सिमेण्टेड ठुला भवनहरु हेर्दा लाग्छ कि यो कुनै विश्वस्तरको स्कुल हो । कुनै विद्यालयका डिजाईनहरु हेर्दा लाग्छ विश्वविद्यालय नै बनेका छन् । तर अहिलेको माध्यमिक शिक्षा परीक्षाको नतिजाले भवनले मात्रै नतिजा राम्रो नहुने भनेर देखाई दियो ।

### प्रणाली फेरियो, गुणस्तर फेरिएन

नेपालमा ग्रेडिङ पद्दति २०७१ बाट लागु भएको थियो । त्यस भन्दा अघि कक्षा १० को परीक्षालाई एसएलसी भनेर चिनिन्थ्यो र यसलाई जनमानसमा फलामे ढोका भनेर पनि चिन्ने प्रचलन थियो । ग्रेडिङ पद्दति लागु भएदेखि फेल हुने परिपाटीलाई पनि अन्त्य गरिएको थियो । त्यो समयमा एसएलसी परीक्षा पास हुन नसक्नुलाई विद्यार्थीले ठुलो चिन्ताको विषय बनाएका थिए । परीक्षामा पास नभएदेखि आत्महत्या गर्ने लगायतका विभिन्न घटनाहरु वृद्धि हुन थालेपछि यसको न्यूनीकरण गर्नका लागि तथा अन्तर्राष्ट्रिय प्रणालीमा माध्यमिक शिक्षालाई लैजानका लागि सरकारले परीक्षालाई ग्रेडिङ पद्दतिमा लगेको थियो । यसबाट विद्यार्थीहरु परीक्षामा फेल भएका कारण विभिन्न नकारात्मक गतिविधिमा समेल हुने घटनाहरु भने सुन्नु, पढ्नु परेको छैन ।

अहिले फेरी, ३५ प्रतिशत प्राप्ताङ्क नल्याएका विद्यार्थीहरुलाई नन्ग्रेडेड भनेर कक्षा ११ पढ्न अयोग्य भनेको छ । यसले उहि पुरानै २०७१ को परीक्षा पद्दतिको झल्को दिएको छ । ग्रेडिङ पद्दतिले लामो समय ढाकेर राखेको माध्यमिक शिक्षाको गुणस्तरमा फेरी नन्ग्रेडिङ पद्दतिले प्रश्नैप्रश्न सिर्जना भएको छ । परीक्षामा दुई विषय नकटेका परिक्षार्थीलाई मात्रै गरिएको परीक्षा दिन पाउने व्यवस्थालाई विभिन्न पक्षको विश्लेषण पछि पुनः सबै नन्ग्रेडेड विद्यार्थीहरुले ग्रेडवृद्धि मौका परीक्षा दिन पाउने व्यवस्था भएको छ । यो सराहनीय छ । तर, यसले समग्र माध्यमिक शिक्षाको गुणस्तर वृद्धि होला भन्नेमा चाहिँ आशंका नै छ । तसर्थ पनि भन्न सकिन्छ कि हाम्रो माध्यमिक शिक्षाको कमजोरी गुणस्तरमै छ । फेरी, गुणस्तर वृद्धि भयो कि भएन ? भनेर नाप्न चामल, चिउरा जोखे जस्तो सजिलो भने छैन । यसको मापन गर्ने विभिन्न विधिहरु छन् । लिखित परीक्षा तथा आन्तरिक मुल्याङ्कन र बाह्य मुल्याङ्कन लगायतकै विधिबाट हो गुणस्तरको मापन हुने ।

### गुणस्तर नसुधारे धर छैन

यसबाट हामी के निश्कर्षमा पुग्न सक्छौं भने एसईईको नतिजा हेर्दा माध्यमिक शिक्षाको मुख्य समस्या प्रणालीमा हुँदै होईन । हाम्रो समस्या गुणस्तरमै हो । विद्यालयमा पठनपाठन क्रियाकलाप सञ्चालनका लागि भवनको पनि आवश्यक्ता हुन्छ तर, प्राथमिकता इँटामा मात्रै नभई गुणस्तर वृद्धिमा हुनु अत्यावश्यक छ । त्यसर्थमा ईंटा र पुस्तकको सन्तुलन जरुरी छ । अर्थात्, भौतिक विकास र शैक्षिक गुणस्तरलाई एकैसाथ लैजान जरुरी छ । अहिले माध्यमिक शिक्षाको नतिजालाई विषयगत हेर्दा गणितमा १ लाख ७७ हजार ९ सय ८५ जना, विज्ञानमा १ लाख २६ हजार ९ सय ३३ जना तथा अंग्रेजीमा १ लाख १ हजा् ३ सय ८३ जना नन्ग्रेडेड देखिएको छ । अन्य विषयहरुको तुलनामा यी तीन विषयमा नन्ग्रेडेड धेरै छन् । यो संख्या शहरमा भन्दा गाउँमा धेरै छ । गाउँका परीक्षार्थी यी तीन विषयमा कमजोर हुनुको अर्थ गाउँमा यी विषयका राम्रा शिक्षकको अभाव छ । राम्रो शिक्षकको अभाव भनेको यी विषयहरुमा उपयुक्त विधि तथा सामग्रीहरुको प्रयोग गरी सिकाउन सक्ने गुरुको अभाव हुनु हो । त्यस कारण गाउँका विद्यालयहरुमा यी विषय शिक्षकहरुको दरवन्दी कस्तो छ ? किन राम्रा शिक्षकहरु धेरै समय गाउँका विद्यालयहरुमा रहन मान्दैनन् र शहरका विद्यालयहरुमा सरुवा जान्छन् ? भन्ने कुरा स्थानीय तहका प्रमुख एवम् सरोकारवालाहरुले बुझ्न जरुरी छ । माध्यमिक शिक्षाको गुणस्तर वृद्धि गर्ने भन्दैमा कक्षा ९ र १० लाई मात्रै जोड गरेर हुँदैन । त्यसका लागि बालविकासदेखि नै विद्यार्थीलाई राम्रो शिक्षाको आवश्यक्ता छ ।

जसरी, पूर्वाधारहरुको निर्माणमा गर्दा उत्कृष्ट छड, बालुवा, सिमेण्ट जस्ता सामग्रीहरु खोजीखोजी प्रयोग गरिन्छ, त्यसैगरी स्थानीय तहहरुबाट गणित, विज्ञान र अंग्रेजीको उत्कृष्ट शिक्षक खोजी होस् । शिक्षकको तलव महिनावारी भुक्तानी होस् र विद्यालयमा पर्याप्त शैक्षिक सामग्री तथा सुविधाहरुको सम्पन्नता होस् । बनेका ठुला भवनहरु जति सुन्दर छन्, विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न सकेमा त्यसको सार्थकता हुन्छ । हरेक स्थानीय तहका विद्यालयका बीचमा ठुला भवन निर्माणमा मात्रै होईन शैक्षिक गुणस्तर वृद्धिमा प्रतिस्पर्धाको खाँचो छ ।

### शिक्षकमा वृत्ति विकासको खाँचो

माध्यमिक शिक्षा स्थानीय सरकारलाई हस्तान्तरण गर्नु पुर्व जिल्ला शिक्षा कार्यालयले विद्यालय निरीक्षक खटाएको थियो । जस्ले समय-समयमा विद्यालयको अनुगमन हुने विद्यालय सञ्चालनका लागि नियमित सुझावहरु प्रदान गरिन्थ्यो । त्यसलाई स्थानीय सरकारले पनि ग्रहण गर्नु आवश्यक छ । पहिले सरकारले २९ वटा तालिम केन्द्रहरु स्थापना गरेर समय-समयमा शिक्षकहरुलाई प्राविधिक क्षमता विकासमा सहयोग गरिरहेको थियो । हाल यस्ता तालिम केन्द्रहरु ७ वटा मात्रै छन् । यस्तो तालिम केन्द्रहरुको संख्या पनि प्रदेशमा मात्रै नभई प्रत्येक स्थानीय तहहरुमा समेत स्थापना गरी शिक्षकहरुका प्राविधिक क्षमता अभिवृद्धिका लागि तालिमहरु प्रदान गरिनुपर्दछ । यसका लागि स्थानीय सरकारको प्राथमिकतामा पूर्वाधार विकासको साथसाथै शिक्षा क्षेत्र पनि पर्नु आवश्यक छ । स्थानीय तहमा संघ तथा प्रदेशमा जस्तो सरकार कतिबेला बन्ने र कतिबेला ढल्ने भन्ने हुँदैन । स्थानीय सरकार पाँच बर्षका लागि बनेको हुनाले प्रमुखले आफुले लिएको दृष्टिकोणलाई ढुक्कले जग बसाल्नेदेखि लिएर कार्यान्वयन गराउन सक्दछ ।

# धेरै सुत्ने बानीले हुनसक्ने ५ स्वास्थ्य समस्या

स्वस्थ रहन राम्रो र पर्याप्त निद्रा अति आवश्यक हुन्छ । राम्रो र गहिरो निद्राले शारीरिक र मानसिक स्वास्थ्यमा धेरै सकारात्मक प्रभाव पार्छ । पर्याप्त निद्रा नपुग्दा स्वास्थ्यमा विभिन्न समस्या देखा पर्न सक्ने विज्ञहरु बताउँछन् ।

विज्ञहरूका अनुसार वयस्कहरूले दैनिक ७ देखि ९ घण्टा सुत्नु पर्छ । निद्राको कमीले धेरै स्वास्थ्य समस्या निम्त्याउन सक्छ भन्ने कुरा प्रायलाई थाहा होला । तर निद्राको कमी मात्र हैन, बढी हुँदा धेरै सुत्नु पनि स्वास्थ्यको लागि हानिकारक हुन सक्छ । आवश्यकता भन्दा धेरै सुत्दा यी गम्भीर ५ रोगको जोखिम बढ्न सक्छ ।



**मोटोपन**: धेरै सुत्दा मोटोपनको समस्याले सताउन सक्छ । धेरै सुत्दा शरीरको मेटाबोलिज्म सुस्त हुन्छ, जसले तौल बढ्ने सम्भावना बढाउँछ । धेरै अध्ययनहरुले पत्ता लगाएका छन् कि दैनिक ९ देखि १० घण्टा भन्दा बढी सुत्ने मानिसहरूलाई मोटोपनको जोखिम बढेको छ । जसकारण पाचनसम्बन्धी समस्या पनि हुनसक्छ ।

**मधुमेह**: अत्याधिक सुत्दा मधुमेहको समस्या निम्तने सम्भावना पनि बढ्छ । जब हाम्रो शरीरले लामो समयसम्म कुनै शारीरिक गतिविधि गर्दैन, तब शरीरमा ग्लुकोजको स्तर बढ्न थाल्छ । यति मात्र होइन, धेरै सुत्दा इन्सुलिनको संवेदनशीलतामा नकारात्मक असर पर्न सक्छ, जसले टाइप-२ मधुमेहको जोखिम बढाउन सक्छ ।

**ढाड दुख्ने समस्या**: लामो समयसम्म सुत्दा ढाड दुख्ने, काँध र घाँटीको दुखाइ पनि निम्तिन सक्छ । धेरैबेर सुत्दा शरीरमा रक्तसञ्चार राम्रोसँग हुन पाउँदैन । जसकारण शरीर दुख्ने समस्या सुरु हुन्छ । त्यसैले दिनमा सात-आठ घण्टा मात्रै सुत्नुपर्छ ।

**डिप्रेसन**: धेरै सुत्दा डिप्रेसन हुने सम्भावना पनि बढ्न सक्छ । धेरै लामो सुत्ने व्यक्ति अल्छी र सुस्त हुन्छन्, जसकारण उनीहरूलाई कुनै काम गर्न मन लाग्दैन । यस बाहेक उनीहरु निकै एक्लो महसुस गर्छन् । यस अवस्थालाई निरन्तरता दिंदा व्यक्तिमा बिस्तारै डिप्रेसनको समस्या निम्तिन सक्छ ।

**मुटुरोग**: लामो समय सुत्दा मुटुरोगको जोखिम बढ्छ । केही अध्ययनअनुसार आठ घण्टाभन्दा बढी सुत्ने मानिसमा हृदयघात र पक्षघातको जोखिम बढी हुन्छ । त्यसैले दिनमा आठ घण्टाभन्दा बढी सुत्नु हुँदैन । *(स्रोतः अनलाईनखबर)*

# प्रेस युनियन मकवानपुरद्वारा महासंघमा धर्ना



समाज संवाददाता

हेटौंडाः नेपाल प्रेस युनियन मकवानपुरले सोमबार पत्रकार महासंघ मकवानपुरमा धर्ना दिएको छ । पत्रकार महासंघ विधि, विधान, प्रक्रियाविपरित चलेको र सम्झौताअनुसार अघि नबढेको भन्दै देशभर युनियनले आयोजना गरेको धर्ना कार्यक्रममा मकवानपुरले पनि ऐक्यबद्धता जनाएको हो ।

युनियन मकवानपुरका अध्यक्ष सुबास विडारीको नेतृत्वमा बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म महासंघ मकवानपुरमा शान्तिपूर्ण धर्ना दिएको छ । प्रेस युनियनले पत्रकार महासंघको सदस्यतामा देखिएको विवादलाई विधानअनुसार टुङ्गो लगाउन आग्रह गर्दै आन्दोलन गर्दै आइरहेको छ । पत्रकार महासंघले निर्वाचनको तालिका तोकिसकेको अवस्थामा युनियनले देशभर आन्दोलनका कार्यक्रम थालेसँगै महासंघले तत्काल निर्वाचनको कार्यक्रम अगाडि बढ्न नसक्ने र तोकिएको असार २२ गते नै निर्वाचन हुने जनाएको थियो ।

प्रेस युनियन मकवानपुरले गैरपत्रकारको सदस्यता खारेज गर्न, पत्रकार महासंघ जिल्ला शाखा, प्रदेश शाखाबाट विधान, विधि, प्रक्रियाअनुसार योग्यता पुगेका पत्रकारलाई सदस्य दिनलगायतका माग गर्दै शुक्रबार राति ११ बजे महासंघ मकवानपुरको कार्यालयमा तालाबन्दीसमेत गरेको थियो ।

# एसईईमा सफल विद्यार्थीलाई सम्मान

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९, पशुपतिनगरस्थित प्रगति माध्यमिक विद्यालयले एसईईमा उत्तीर्ण हुने ८१ जना विद्यार्थी सम्मान गरेको छ । मकवानपुर जिल्लाको सामुदायिक विद्यालयतर्फ सबैभन्दा बढी प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल विद्यालयले सोमबार एसईईमा उत्तीर्ण विद्यार्थीलाई सम्मान गरेको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र लामिछानेको सभाध्यक्षता र संविधान सभाका सदस्य अनन्त पौडेलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । प्रगति माविबाट एसईईमा १ सय ७ जना विद्यार्थी सहभागी भएकोमा ८१ जना (७५.७० प्रतिशत) विद्यार्थी उत्तीर्ण भएका हुन् । कार्यक्रममा शिक्षकहरुले आफ्नो विषयमा ४ जिपिए ल्याउने विद्यार्थीलाई पुरस्कृत गर्नुभएको थियो ।

गणित विषयमा ५ जनाले ४ जिपिए ल्याउन सफल भएका छन् भने अंग्रेजीमा ६ जना, नेपालीमा २ जना र अतिरिक्त गणितमा ६ जनाले ४ जिपिए ल्याएका छन् । विद्यालयले ग्रेडवृद्धि परीक्षामा सहभागी हुने विद्यार्थीलाई निःशुल्क कक्षाको व्यवस्था गर्ने भएको छ ।

# किसानलाई च्यापकटर वितरण

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले ३४ जना किसानलाई च्यापकटर उपलब्ध गराएको छ । चालु आर्थिक वर्ष २०८०/०८१ को अनुदान कार्यक्रम अन्तर्गत गत बुधबार गाउँपालिकाका ३४ जना किसानलाई च्यापकटर वितरण गरेको गाउँपालिकाका पशु शाखा प्रमुख सत्यनारायण साहले जानकारी दिनुभयो ।

गाउँपालिकाको ६० प्रतिशत लागत र कृषकको ४० प्रतिशत लागतमा च्यापकटर वितरण गरिएको हो । गाउँपालिकाले च्यापकटर अनुदानवापत १० लाख बजेट छुट्याए पनि ८ लाख २९ हजार रुपैयाँ मात्रै खर्च भएको साहले जानकारी दिनुभयो । च्यापकटर वितरण कार्यक्रममा गाउँपालिकाका प्रमुख दोर्जे लामा स्याङ्तान, उपप्रमुख मानकुमारी पाखिन नेपाली ३ नम्बर वडा अध्यक्ष भागवत घिमिरे, ४ नम्बर वडा अध्यक्ष अर्जुन प्रसाद तिमल्सिनाको पनि उपस्थिति रहेको थियो ।

# एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको २ जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको छ । प्रदेशको चितवन र काभ्रेपलाञ्चोक जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको रत्ननगर नगरपालिका-२ मा खोलामा माछा मार्ने क्रममा डुबेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा १८ बर्षीय सोनु तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । आइतबार साँझ ५ बजेको समयमा कटरिया खोलामा माछा मार्ने क्रममा तामाङ खोलामा डुबी अचेत अवस्थामा फेला परेका थिए । तामाङ उपचारका लागि स्थानीय बकुलहर अस्पताल टाँडी लगिएकोमा बेलुका ७ बजेर ३० मिनेटको समयमा मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

यस्तै, काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिका-२, टारीस्वारामा भर्याङबाट लडेर एकजना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका-७, सिरुवारी घर भई हाल टारीस्वारा बस्ने ६५ बर्षीय भिम बहादुर दर्जी रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार राती १० बजेर २५ मिनेटको समयमा आफ्नै घरको भऱ्याङबाट ओर्लने क्रममा लडेर मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका-१०, रेशममार्गमा एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ४३ बर्षीय रामकृष्ण श्रेष्ठ रहेको प्रहरीले जनाएको छ । आइतबार बिहान ९ बजेर ३० मिनेटको समयमा श्रेष्ठ आफ्नै घरमा चिप्लिएर लडेका श्रेष्ठ मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

# रोटरी बर्ष सुरु, हेटौंडामा ढकाल, मकवानपुरमा अग्रवाल

समाज संवाददाता

हेटौंडाः अन्तर्राष्ट्रिय स्वयम्सेवी संस्था रोटरी क्लबको नयाँ कार्यसमितिको कार्यकाल सुरु भएको छ । हरेक बर्ष जुलाई १ देखि नयाँ कार्यसमितिको कार्यकाल सुरु हुन्छ । रोटरी क्लबको कार्यकाल एक बर्षको हुनेछ ।

संसारभर ४६ हजार भन्दा बढी संख्यामा रोटरी क्लब रहेको र १ करोड ४० लाख भन्दा बढी सदस्य रहेको बताइएको छ । मकवानपुर जिल्लामा २ वटा रोटरी क्लब सक्रिय छन् । रोटरी क्लब अफ मकवानपुर र रोटरी क्लब अफ हेटौंडा मकवानपुरमा क्रियाशील छ । बर्ष २०२४/२५ का लागि रोटरी क्लब अफ मकवानपुरको अध्यक्षमा अनिल अग्रवाल चयन हुनुभएको छ । अध्यक्ष अग्रवालले असार महिनाभित्रै पदस्थापन कार्यक्रम सम्पन्न हुने जानकारी दिनुभएको छ । रोटरी क्लब अफ मकवानपुरले खानेपानी, शिक्षा र स्वास्थ्यलाई जोड दिँदै सहयोगका कार्यक्रम गर्दै आएको छ । अध्यक्ष अग्रवालले जलन अस्पताल सञ्चालन गर्ने योजना रहेको बताउनुभयो । जलनका बिरामीको हेटौंडामै प्राथमिक उपचार सेवा प्रदान गरी थप उपचारका लागि देशको सुविधासम्पन्न अस्पतालमा रेफर गर्न पाए बिरामीलाई राहत हुने अपेक्षा गरिएको अध्यक्ष अग्रवालले बताउनुभयो । यस्तै उहाँले आफ्नो कार्यकालमा सामुदायिक विद्यालयका विद्यार्थी (१२-१८ बर्ष) को नेतृत्व र व्यक्तित्व विकास गर्ने गरी उनीहरुको सहभागितामा इन्टरऱ्याक्ट क्लब गठन गर्ने बताउनुभएको छ ।

रोटरी क्लब अफ हेटौंडाको अध्यक्षमा भने प्रकाश ढकालको कार्यकाल सुरु भएको छ । अध्यक्ष ढकालले आफ्नो क्लबको नियमित काम नै पर्याप्त रहेकोले तिनलाई निरन्तरता दिनु नै प्रमुख योजना रहेको बताउनुभयो । रोटरी क्लब अफ हेटौंडाले विपन्न परिवारलक्षित लघुवित्त कार्यक्रम, निशुल्क आँखा शिविर, विद्यार्थीलाई छात्रवृत्ति, खानेपानी, विपन्न लक्षित आयआर्जनको कार्यक्रम गर्दै आएको छ । रोटरी क्लब अफ हेटौंडाको पदस्थापन कार्यक्रम यही असार २९ गते रहेको छ ।

नेपालमा १ सय ६० वटा रोटरी क्लब स्थापना भइसकेको छ । नेपाल र भुटानलाई हेर्ने गरी नेपालमा रोटरी इन्टरनेशनल ३२९२ डिष्ट्रिक्ट रहेको छ । रोटरी बर्ष सुरु भएको पहिलो दिन सोमबार नै रोटरी क्लब अफ ठमेलबाट प्रतिनिधित्व गर्नुहुने राजेन्द्रमान शेरचन रोटरी इन्टरनेशनल ३२९२ को गभर्नरमा पदस्थापित हुनुभएको छ ।

# ४५ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडामा सोमबार ४५ जनाले रक्तदान गरेका छन् । लायन्स क्लब अफ हेटौंडा मुक्तिनाथ र लियो क्लबको संयुक्त आयोजनामा भएको रक्तदान कार्यक्रममा ४५ जनाले रक्तदान गरेका हुन् । रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाका अनुसार ७ जना महिला र ३८ जना पुरुषले रक्तदान गरेका छन् । क्लबले हरेक जुलाई १ मा रक्तदान कार्यक्रम आयोजना गर्दै आइरहेको छ । लायन्स क्लब अफ हेटौंडा मुक्तिनाथका वर्ष २०२४/२५ का अध्यक्ष अशोक सिंहको सभाध्यक्षता तथा लायन्स ईन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपाल वर्ष २०२४/२५ का डिष्ट्रिक्ट एक्ज्युकेटिभ चिफ विकेश लाल श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।


## मकवानपुर बहुमुखी क्याम्पस

हेटौंडा-२, मकवानपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*(सूचना प्रकाशित मिति २०८१/०३/१८ गते)*

यस क्याम्पसबाट मिति २०८१।०३।०१ गतेको झुत्रा पुस्तक लिलाम सम्बन्धी बोलपत्र आव्हानको सूचना बमोजिम पेश भएका ३ (तीन) थान बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्रदाताको प्रस्ताव स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएकोले सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०७९ को दफा ९ को उपदफा ११ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | प्रस्तावदाताको नाम | प्रस्तावित प्रति के.जी मूल्य (रु) |
|---|---|---|
| १ | श्री कालिनाग सप्लायर्स, हेटौडा-३ | ८।५० |

**क्याम्पस प्रमुख**
**डा. यम बहादुर सिलवाल**

## हार्दिक निमन्त्रणा

हालै प्रकाशित शै.स. २०८० को SEE नतिजामा ७४.२७ प्रतिशत विद्यार्थी उत्तीर्ण गराएर जिल्लामै द्वितीय स्थान हासिल गर्न सफल भएको यस श्री भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) बाट सो परीक्षामा उत्तीर्ण हुनुभएका सम्पूर्ण विद्यार्थीहरूलाई तपशिल बमोजिमको मिति, स्थान र समयमा बधाई एवम् सम्मान कार्यक्रम आयोजना गरिएकाले SEE उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरूलाई उक्त कार्यक्रममा सहभागिताका लागि अनुरोध छ ।

सोही दिन हेटौंडा उपमहानगरपालिका वडा नं ४ शैक्षिक गुणस्तर सुधार समितिले ३.६१-४.00 र ३.२१-३.६ GPA हासिल गर्ने विद्यार्थीलाई बधाई, सम्मान एवम् पुरस्कार वितरण कार्यक्रम आयोजना गरेकोले कार्यक्रममा सहभागिताका लागि अनुरोध छ ।

| तपशिल | | |
|---|---|---|
| मिति | २०८१/03/१९ गते बुधबार | |
| स्थान | विद्यालय प्राङ्गण | पशुपति मन्दिर सभा हल |
| समय | दिउँसो १:00 बजे | दिउँसो ३:00 बजे |

श्री भुटनदेवी माध्यमिक विद्यालय
(प्राविधिक शिक्षालय)
हेटौडा-४ मकवानपुर


# मिस नेपाल २०२४ मा प्रतिस्पर्धा गर्दै मकवानपुरकी दाहाल




समाज संवाददाता

हेटौंडाः मिस नेपाल २०२४ को ग्राण्ड फिनाले आगामी साउन १९ गते ललितपुरमा आयोजना हुँदैछ । प्रतियोगितामा उपाधिका लागि २६ जनाले प्रतिस्पर्धा गर्दैछन् ।

प्रतियोगितामा मकवानपुरको हेटौंडा-५, पिप्लेकी रोशनी दाहालको पनि सहभागिता रहेको छ । सानैदेखि मिस नेपालमा सहभागी हुने इच्छा बोकेकी २४ वर्षीया दाहालले हेटौंडा स्कूल अफ म्यानेजमेन्टबाट कम्प्युटर एप्लिकेसनमा स्नातक तह उत्तीर्ण गर्नुभएको छ ।

मकवानपुर बहुमुखी क्याम्पसका सहप्राध्यापक केशव दाहालको पहिलो सन्तान रहेकी रोशनीका आमा पनि शिक्षण पेशामा आवद्ध हुनुहुन्छ । रोशनीले आफू मिस नेपाल भइसकेपछि कम्प्युटर प्रविधिलाई पेशाको रुपमा अङ्गाल्ने योजना बनाउनुभएको छ । दाहालले आफूलाई मिस नेपालको विजेता बनाउन खल्ती एपमार्फत् प्रतिस्पर्धी नम्बर १८ मा भोट गर्न आग्रह पनि गर्नुभएको छ । प्रतियोगितामा देशभरबाट डेढ सय जनाले आवेदन दिएका थिए । जसमध्ये २६ जनालाई मात्र प्रतिस्पर्धाका लागि छनौट गरिएको हो ।


## कर्मचारी आवश्यकता

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०३/१५)*

बालबालिकाको क्षेत्रमा डेढ दशकभन्दा अगाडिदेखि मकवानपुर जिल्लामा कार्यरत यस ग्रामीण असहाय बालबालिका सामुदायिक पुनर्स्थापना केन्द्रका लागि देहाय बमोजिमका कर्मचारी आवश्यक भएको हुँदा इच्छुक योग्यता पुगेका व्यक्तिहरुले, मिति २०८१ असार २१ गते शुक्रबार कार्यालय समयभित्र (२:०० बजे) व्यक्ति स्वयम् उपस्थित भई वा ईमेलबाट आवेदनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**१. पद** : हाउस प्यारेन्ट (महिलामात्रै, आवासीय) १ (एक) जना ।
**न्युनतम शैक्षिक योग्यता**: एस.एल.सी वा सो सरह उत्तीर्ण
**अनुभव**: संघ, संस्थामा बालबालिकासँग काम गरेको अनुभव भएकालाई प्राथमिकता दिइनेछ । अनुभव नभए तापनि बालबालिकाहरुसँग खेल्न समय बिताउन सिक्न सिकाउन मन पर्ने, उनीहरुलाई सम्मान गर्ने, बालअधिकारको क्षेत्रलाई बुझेको व्यक्तिहरुलाई आवेदनका लागि प्रोत्साहन गरिन्छ ।

**मुख्य जिम्मेवारी**:
- बालबालिकाहरुको स्याहार, माया, ख्याल राख्ने,
- विविध जीवन उपयोगी विषयहरुमा बालबालिकाबीच छलफल गर्ने,
- गृह व्यवस्थापनमा सहायता गर्ने ।
- बालबालिकाको व्यक्तिगत फाईल व्यवस्थापन, परिवारसँग सम्पर्क व्यवस्थापन तथा अन्य दैनिकी व्यवस्थापनमा गृह व्यवस्थापकलाई सहयोग गर्ने,
- बालबालिकाहरुको गृहकार्यमा सहयोग गर्ने,
- गृह व्यवस्थापकले दिएका अन्य जिम्मेवारीहरु पूरा गर्ने ।

**तलब सुबिधा**: संस्थाको नियमअनुसार हुने गरी ।
खाना र बासको व्यवस्था संस्थाले गर्नेछ ।

**पदपूर्ति समिति**
**सम्पर्कः ९७६१७१६२५२, ९८४५४५६९३४**
**ग्रामीण असहाय बालबालिका सामुदायिक पुनर्स्थापना केन्द्र**
**हेटौडा-११, सरस्वती, मकवानपुर**
Email:ruhelcrc@gmail.com

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# यु-१७ को छनोटमा सहभागी हुने खेलाडीको विदाई

समाज संवाददाता

हेटौंडाः यु-१७ को प्रदेशस्तरीय छनोट प्रतियोगितामा सहभागी हुने खेलाडीहरुको विदाई गरिएको छ । मकवानपुर जिल्ला फुटबल संघले सोमबार एक समारोहबीच जिल्ला खेलकुद विकास समितिको कार्यालय परिसरमा यु-१७ प्रदेशस्तरीय छनोटमा प्रतियोगितामा सहभागी हुने खेलाडीहरुको विदाई गरेको हो ।

जिल्ला फुटबल संघका उपाध्यक्ष युवराज लामाको सभाध्यक्षतामा विदाई कार्यक्रम भएको हो । फुटबल संघले आयोजना गरेको छनोट प्रतियोगिताबाट प्रारम्भिक सूचीमा पर्न सफल भएका २४ जना खेलाडीहरु आज सोमबार धुलिखेल प्रस्थान गरेका छन् । खेलाडीहरुको नेतृत्व गर्न व्यस्थापकका रुपमा जिल्ला फुटबल संघका महासचिव छवि सुवेदी पनि काठमाडौं जानुभएको छ ।

अखिल नेपाल फुटबल (एन्फा) ले एसियन कप क्वालिफाइ फुटबल प्रतियोगितामा १७ वर्ष उमेर समूहका किशोर खेलाडीहरुलाई सहभागी गराउन एन्फामा आवद्ध भएका ४८ वटा जिल्लाका फुटबल संघहरुलाई टिम छनोट गर्ने निर्देशन दिएको थियो । जसअन्तर्गत मकवानपुर जिल्ला फुटबल संघले जिल्लाको टिम छनोट गरेको हो । हेटौंडा-१० स्थित वनविज्ञान क्याम्पसको चौरमा गएको शुक्रबार र शनिबार मकवानपुरका एन्फा प्रशिक्षक विजयलाल श्रेष्ठ र ज्ञानु मोक्तानको नेतृत्वमा खेलाडी छनोट गरिएको थियो । संघका उपाध्यक्ष लामाको संयोजनमा मकवानपुरका विभिन्न पालिकाहरुबाट करिब १ सय ८७ जना खेलाडीहरु छनोट प्रतियोगितामा सहभागी भएका थिए ।

छनोटमा सहभागी भएका १ सय ८७ खेलाडीहरुको खेल प्रदर्शनी र कौशलको आधारमा प्रशिक्षक श्रेष्ठ र मोक्तानले दोस्रो चरणमा ५२ जना छनोट गर्नुभएको थियो । ५२ जना खेलाडीहरुबीच प्रतिस्पर्धा गरेर प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुन योग्य २४ जना खेलाडी छनोट भएका हुन् । एन्फाले जिल्लाका फुटबल संघहरुलाई १० जना खेलाडी छनोट गर्न निर्देशन दिए पनि खेलाडीहरुको प्रदर्शनीको कारण २४ जनालाई प्रारम्भिक छनोटमा राखिएको बताइएको छ ।

प्रदेशस्तरीय छनोट प्रतियोगितामा सहभागी भएका मकवानपुरका खेलाडीहरुले प्रदेशका १३ जिल्लाबाट आएका खेलाडीहरुसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । प्रदेशस्तरीय प्रतियोगिताबाट उत्कृष्ट हुने खेलाडी केन्द्रीयस्तरको प्रतियोगितामा सहभागी हुन पाउनेछन् । प्रदेश छनोट प्रतियोगिता काभ्रेको धुलिखेल मैदानमा आज मंलबारबाट शनिबारसम्म हुनेछ । एसियन कप क्वालिफाइ प्रतियोगिता आगामी अक्टोबर १९ तारिखदेखि २७ सम्म भुटानमा हुनेछ ।

खेलाडीलाई विदाई गर्दै मकवानपुर जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाले पछिल्लो समय खेलाडीहरुले अनुशासनको पालना नगरेको महसुस आफूले गरेको बताउनुभएको छ । खेलाडीले खेल कौशलसँगै अनुशासनको पालना गर्न आवश्यक रहेको उहाँले औँल्याउनुभयो । जिल्ला फुटबल संघका महासचिव सुवेदीले खेलाडीहरुले राम्रो खेल प्रदर्शनी गर्ने विश्वास व्यक्त गर्नुभयो । संघका उपाध्यक्ष लामाले प्रदेशस्तरको छनोटमा राष्ट्रिय प्रशिक्षकहरुले गर्ने मूल्यांकनमा अब्बल देखिन जरुरी रहेको बताउनुभयो ।

प्रदेश छनोट प्रतियोगितामा बकैया गाउँपालिकाबाट विकास जिम्बा, निशान्त बोगटी, कृतक स्याङ्तान र सन्देश घलान छन् । मकवानपुरगढी गाउँपालिकाका करिप योञ्जन, अनुप राना, कोसिस मगर र रोहित मोक्तान छनोटमा परेका छन् । बागमती गाउँपालिकाबाट उप्रान्त आले र विकल राना सहभागी हुँदैछन् । यस्तै, थाहा नगरपालिकाका प्रभात परियार छनोट प्रतियोगितामा सहभागी हुँदैछन् ।

हेटौंडा-८ का प्रमित खत्री र देवलाल भोलन, हेटौंडा-१५ का निमा लोप्चन, हेटौंडा-१७ का विशेष सुवेदी, हेटौंडा-५ का आर्यन थापा मगर, हेटौंडा-७ का कुशल अधिकारी र सुजन थिङ, हेटौंडा-१८ का साजन लोप्चन, हेटौंडा-१४ का रोहन तामाङ, हेटौंडा-१३ का सृजन थिङ, इममी मोक्तान, सनम वाईबा र हेटौंडाकै अर्जुन सापकोटा प्रतियोगितामा सहभागी हुँदैछन् । विदाई कार्यक्रममा दोलखा जिल्ला फुटबल संघका अध्यक्ष कौरव पाण्डे, जिल्ला फुटबल संघका सदस्य आशीष थापा मगर लगायत खेलाडीका अभिभावकहरुको उपस्थिति रहेको थियो ।

## जन्मदिनमा पुस्तक उपहार

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१ स्थित अमर माविका सहायक प्रधानाध्यापक डीबी बर्तौलाका छोरा स्पन्दन बर्तौलाले आफ्नो जन्मदिनमा विद्यालयलाई पुस्तक उपहार दिनुभएको छ । आफ्नो १० औं जन्मदिनको अवसरमा स्पन्दनले ६ हजार १ सय २५ रुपैयाँ बराबरको कथा, कविता, उपन्यास विधाका पुस्तक अमर माध्यमिक विद्यालयलाई उपहार दिनुभएको हो । १० कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल ६ सय ४९ जना विद्यार्थी अध्ययनरत छन् ।

## भुटनदेवी माविमा सामाजिक क्लब

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयमा सामाजिक क्लब गठन गरिएको छ । सोमबार १० कक्षाका छात्र नितेश यादवको अध्यक्षतामा १३ सदस्यीय सामाजिक क्लब गठन भएको शिक्षक संगीता उप्रेतीले जानकारी दिनुभयो ।

६ कक्षादेखि १० सम्मका विद्यार्थीलाई सहभागी गराएर क्लब गठन गरिएको उप्रेतीले बताउनुभएको छ । सामाजिक विषयवस्तुमा आधारित रहेर सामाजिक कार्य गर्न क्लब गठन गरिएको बताइएको छ । विद्यार्थीलाई समाजसँग नजिक बनाउनु क्लब गठनको उद्देश्य रहेको पनि बताइएको छ । नियमित पठनपाठनको क्रममा सैद्धान्तिक ज्ञानसँगै विद्यार्थीलाई व्यवहारिक जीवनसँग जोड्दै सिकाइलाई दिगो बनाउन र सभ्य बनाउन क्लब उपयोगी हुने विद्यालयको अपेक्षा रहेको छ ।

## रास्वपा मकवानपुरका नेताहरुले छाडे पार्टी

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरका नेताहरुले पार्टी छाडेका छन् । शुक्रबार एक विज्ञप्ती जारी गर्दै पार्टी मकवानपुरका नेताहरुले संयुक्त रुपमा पार्टीबाट अलग भएको घोषणा गरेको छन् ।

पार्टी परित्याग गर्नेहरुमा जिल्ला सचिवालय सचिव भुवन खनाल, संघीय क्षेत्र १ का उपसभापति जगदीश दाहाल, हेटौंडा नगर समितिका सदस्य टंक बहादुर हिमडुङ, हेटौंडा-१२ का उपसभापति निर्मला प्रजा, १७ नम्बरका उपसभापति विकास श्रेष्ठ र १७ नम्बरका सचिव श्याम सुन्दर राई लगायत रहेका छन् । पुरानो दलप्रति जनताको बढ्दो निराशासँगै वैकल्पिक शक्तिको रुपमा उदाउने लक्ष्यसहित स्थापना गरिएको पार्टीले लिएको अहिलेको कार्यदिशा परिवर्तन भन्दा पनि सत्तालिप्सा र भागवण्डामा केन्द्रित भएको भन्दै आफुहरुले पार्टी परित्याग गरेको विज्ञप्तीमा भनिएको छ । उनीहरुले केन्द्रको नेतृत्वलाई दोष देखाउँदै पार्टी परित्याग गरेका हुन् ।

रास्वपा मकवानपुरका सभापति भरत पराजुलीले केन्द्रको नेतृत्वलाई दोष दिएर जिल्लाको केही नेताहरुले पार्टी परित्याग गरेको बताउनुभयो । 'उहाँहरु के स्वार्थले पार्टीमा आउनुभयो के पुरा भएन, यो पार्टीमा अरु पार्टीमा जस्तो सबै कुरा तुरुन्त प्राप्त हुँदैन । नयाँ पार्टीमा आउने जाने भइरहने स्वभाविकै हो', उहाँले भन्नुभयो । उहाँले रास्वपा मकवानपुरले जिल्लामा अन्य दलले भन्दा सशक्त रुपमा सार्वजनिक चासोको विषयमा काम गर्दै खबरदारी गरिरहेको बताउनुभयो ।

## थाहा नगरले एसईईको समीक्षा गर्ने

समाज संवाददाता

हेटौँडाः थाहा नगरपालिकाले आज मंगलबार माध्यमिक शिक्षा परीक्षा (एसईई) को समीक्षा गर्ने भएको छ । थाहा नगरले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक र शिक्षक अभिभावक संघका अध्यक्षहरुलाई समीक्षा कार्यक्रममा सहभागी हुन भनेको छ ।

थाहा नगरपालिकाभित्र रहेका ११ वटा सामुदायिक र ६ वटा निजी गरी १७ वटा माध्यमिक विद्यालयबाट शैक्षिक सत्र २०८० मा ४४१ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए । जसमध्ये १ सय ४८ जना विद्यार्थीले मात्रै कक्षा ११ मा भर्ना हुन पाउने भएका छन् । मकवानपुर जिल्लाका १० वटा पालिका मध्ये थाहा नगरपालिकाका कुनै पनि विद्यालय एसईईको नतीजामा निल भएका छैनन् । नगर पालिकाले शैक्षिक सुधार गर्न, अभिभावकको सुझाव संकलन गर्नका लागि समीक्षा कार्यक्रम गर्न लागेको शिक्षा शाखा प्रमुख माधव बिक्रम मल्लले जानकारी दिनुभयो ।

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०










गर्मीयाममा लागनसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेका र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिँड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर आँगन र आसपासको क्षेत्र सफा राखौं
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ